**नेपाल राष्ट्र बैंक**

बैंक तथा वित्तीय संस्था नियमन विभाग

**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं।**
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
**पोष्ट बक्स:७३**

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/७/०७९/८०

मितिः २०७९/१०/०३

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

**(डा.गुणाकर भट्ट)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

## नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधनसम्बन्धमा

| क्र.सं | निर्देशनको बुँदा नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | **इ.प्रा.निर्देशन नं. ९ तथ्याङ्क विवरण सम्बन्धी व्यवस्था** | | |
| १ | इ.प्रा. निर्देशन नं. ९/०७८ को बुँदा नं. २ मा संशोधन । | २.अन्तर-बैंक कारोबारको विवरण कारोबार सम्पन्न गर्नासाथ र दैनिक तरलता विवरण अर्को कार्यदिनको मध्यान्न १२:०० बजेसम्म यस बैंकको रिपोर्टिङ पोर्टलमा अपलोड गर्नु पर्नेछ । | २.दैनिक तरलता विवरण (NRB01 Daily Liquidity) अर्को कार्यदिनको मध्याह्न १२:०० बजेसम्म र अन्तर-बैंक कारोबारको विवरण (NRB02 Interbank Transactions) कारोबार सम्पन्न गर्नासाथ **सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस रिपोर्टिङ पोर्टल)** मार्फत यस बैंकमा पठाउनु पर्नेछ । |
| २ | इ.प्रा. निर्देशन नं. ९/०७८ को बुँदा नं. ६ मा नोट थप । | ६.यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकमा पेश गर्नुपर्ने तथ्याङ्क तथा जानकारीहरु सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System-SIS) मा तोकिए बमोजिमका रिटर्नहरु तथा एडहक (ad hoc) तथ्यांक र विवरणहरु निर्धारित समयावधिभित्र यस बैंक समक्ष पठाउनु पर्नेछ । | ६.यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकमा पेश गर्नुपर्ने तथ्याङ्क तथा जानकारीहरु सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System-SIS) मा तोकिए बमोजिमका रिटर्नहरु तथा एडहक (ad hoc) तथ्यांक र विवरणहरु निर्धारित समयावधिभित्र यस बैंक समक्ष पठाउनु पर्नेछ ।<br>**नोटः यस व्यवस्था बमोजिम मिति २०७८ असार १ देखि यस बैंकमा पेश गर्नुपर्ने रिर्टनहरु सुपरिवेक्षकीय सूचना प्रणाली रिपोर्टिङ पोर्टलमा समेत अनिवार्य रुपमा अद्यावधिक गर्नुपर्नेछ।** |
| ३ | इ.प्रा. निर्देशन नं. ९/०७८ मा बुँदा नं. ७ थप गरी क्रमसंख्या मिलान । | हाल नभएको | **७.अनुसूची ९.३ मा उल्लेखित Entity Details or Profiles सम्बन्धी विवरणहरु सोही अनुसूचीमा तोकिएको अवधिभित्र सुपरिवेक्षकीय सूचना प्रणाली रिपोर्टिङ पोर्टलमा नियमित रुपमा अद्यावधिक गर्नुपर्ने छ।** |
| ४ | ने.रा.बैंक निर्देशन फा.नं. ९.१३ तथा ९.२० हटाईएको । | विद्यमान ने.रा.बैंक निर्देशन फा.नं. ९.१३ (अन्तर बैंक कारोवार विवरण) र ने.रा.बैंक निर्देशन फा.नं. ९.२० (दैनिक तरलता सम्बन्धी विवरण) सम्बन्धी फारमहरु | हटाईएको । |

# नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधनसम्बन्धमा

| क्र.सं | निर्देशनको बुँदा नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | **इ.प्रा.निर्देशन नं. १३ अनिवार्य मौज्दात/वैधानिक तरलता सम्बन्धी व्यवस्था** | | |
| ५ | इ.प्रा. निर्देशन नं. १३/०७८ को बुँदा नं. १ को ६(ङ) हटाईएको । | (ङ) यस प्रयोजनको लागि निर्धारित निर्देशन फा.नं. १३.१ बमोजिमको विवरण भरी हप्ता बितेको सात दिनभित्र अनिवार्य रुपमा यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा आइपुग्ने गरी पठाउनु पर्नेछ । | हटाईएको । |
| ६ | इ.प्रा. निर्देशन नं. १३/०७८ को बुँदा नं. ३ को (२) तथा प्रष्टिकरण को बुँदा नं. २ हटाईएको । | (२) यस्तो अनुपात गणना गरी प्रत्येक महिनाभरको वैधानिक तरलता अनुपात रकमको विवरण निर्देशन फा.नं. १३.२ मा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ ।<br>प्रष्टिकरण:<br>*२. वैधानिक तरलता अनुपात विवरण प्रत्येक महिना समाप्त भएको सात दिनभित्र पठाउनु पर्नेछ ।* | हटाईएको । |
| ७ | ने.रा.बैंक निर्देशन फा.नं. १३.१ तथा १३.२ हटाईएको । | विद्यमान ने.रा.बैंक निर्देशन फा.नं. १३.१ ( अनिवार्य मौज्दात सम्बन्धी विवरण) र ने.रा.बैंक निर्देशन फा.नं. १३.२ ( वैधानिक तरलता अनुपात सम्बन्धी विवरण) सम्बन्धी फारमहरु | हटाईएको । |
| | | | |
| ८ | इ.प्रा. निर्देशन नं. १४/०७८ को बुँदा नं. १(क) मा संशोधन । | (क) इजाजतपत्रप्राप्त संस्थाले महानगरपालिका र उप महानगरपालिकामा शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ । शाखा कार्यालय तथा एक्सटेन्सन काउन्टर खोल्दा कारोबार शुरु गरेकै दिन उक्त शाखा तथा | (क)इजाजतपत्रप्राप्त संस्थाले महानगरपालिका र उप महानगरपालिकामा शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ । शाखा कार्यालय तथा एक्सटेन्सन काउन्टर खोल्दा कारोबार शुरु गरेकै दिन उक्त शाखा तथा एक्सटेन्सन काउन्टर |

# नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधनसम्बन्धमा

| क.सं | निर्देशनको बुँदा नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | एक्सटेन्सन काउन्टर सम्बन्धी विवरण यस बैंकको रिपोर्टिङ पोर्टलमा अद्यावधिक गर्नु पर्नेछ। | सम्बन्धी विवरण यस बैंकको रिपोर्टिङ पोर्टलमा **र सुपरिवेक्षकीय सुचना प्रणाली रिपोर्टिङ पोर्टलमा** अद्यावधिक गर्नु पर्नेछ। |
| | | | |
| ९ | इ.प्रा. निर्देशन नं. १५/०७८ को बुँदा नं. ५(५) मा संशोधन। | (५) प्रत्येक त्रयमास समाप्त भएको ७ दिनभित्र निक्षेप तथा कर्जाको ब्याजदर सम्बन्धी विवरण यस बैंकमा पठाउनु पर्नेछ। साथै, ब्याजदर संशोधन गरेको ७ दिनभित्र सो सम्बन्धी पूर्ण विवरण समेत उपलब्ध गराउनु पर्नेछ। | (५) ब्याजदर संशोधन गरेको ७ दिनभित्र **निक्षेप तथा कर्जाको ब्याजदर सम्बन्धी विवरण यस बैंकको सुपरिवेक्षकीय सुचना प्रणाली रिपोर्टिङ पोर्टलमा** अद्यावधिक गर्नुपर्ने छ। |

# नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधनसम्बन्धमा

इ.प्रा. निर्देशन नं. ९/०७८ मा थप गरिएको अनुसूची ९.३ ।

**बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित संस्थाको विवरण (Entity Profile) अद्यावधिक गर्नुपर्ने अवधि**

| SN | Particulars | Detail Informations (Not exhaustive) | Update Frequency (in SIS) | Deadline for Update (in SIS) |
|---|---|---|---|---|
| A. | **Entity Details Page** | | | |
| | 1. Primary Information | Organization Chart, Authorised & Paid up Capital, Contact details | As & when change occurs | Within 7 days of Change |
| | 2. Details of Committee | Committee Name, Members Name, Designation, Start Date, etc. | As & when change occurs | Within 7 days of Change |
| | 3. Ownership Details | Ownership type, Percentage, Host Country Name, Name of Investors etc. | As & when change occurs | Within 7 days of Change |
| | 4. Subsidiary/Associates Details | Type of Subsidiary, Name of Subsidiary, Holding percentage, etc. | As & when change occurs | Within 7 days of Change |
| | 5. Details of Board of Directors | Name, Father & Grandfather Name, Type, Representation from, Contact details, PAN, Term, Biodata, Declaration on Code of Conduct, Citizenship Certificate, Qualification Certificate, etc. | As & when change occurs | Within 7 days of Change |
| | 6. Details of Auditors | Name, Type, Contact details, etc. | As & when change occurs | Within 7 days of Change |
| | 7. Details of Management Team | Name, Designation, Father & Grandfather Name, Contact details, PAN, Biodata, etc. | As & when change occurs | Within 7 days of Change |
| | 8. Details of Chief Executive Officer (CEO) | Name, Designation, Father & Grandfather Name, Contact details, PAN, Biodata, Appointment letter, Citizen Certificate, etc. | As & when change occurs | Within 7 days of Change |
| | 9. Details of Compliance and Reporting Officer | Name, Designation, Father & Grandfather Name, Contact details, PAN, etc. | As & when change occurs | Within 7 days of Change |
| | 10. Annual General Meeting Report and Resolution | Attachment of AGM Report and Resolution | As & when change occurs | Within 7 days of Change |
| | 11. Policies and Procedures | Policy Name, Category, Effective Date, Approved by, Attachment of the document | As & when change or update occurs | Within 7 days of Change or update |
| | | | | |
| B | **Branch Details Page** | Type, Location, Contact Details, Vault Capacity, etc. | When branch opened, closed or relocated | On the date of operation start, close or relocate |
| C | **Branchless Banking Details Page** | Related Branch, Agent Details, Contact Details, Location, etc. | When BLB opened, closed or relocated | On the date of operation start, close or relocate |
| D | **ATM Details Page** | Related Branch, Location, ATM Capacity, etc. | When ATM opened, closed or relocated | On the date of operation start, close or relocate |
| E | **Deposit/Loan Product Details Page** | Base Rate, Deposit Type, Deposit Interest rate, Loan Type, Min./Max Interest Rate, Min./Max. Premium Rate, Effective date, etc. | Monthly & after change | within 7 days of end of the month or Change |